# छत्रकोट गाउँपालिका गुल्मीको आर्थिक ऐन,२०७६

**प्रस्तावनाः** छत्रकोट गाउँपालिका, गुल्मीको आर्थिक बर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क दस्तुर र जरीवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम छत्रकोट गाउँपालिका गुल्मीको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छत्रकोट गाउँपालिका, गुल्मीको आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको दिनदेखि छत्रकोट गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

**२. धुरी करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम धुरी कर लगाइने र असुल उपर गरिनेछ ।

**३. भूमीकर(मालपोत)ः** छत्रकोट गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमीकर(मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**४. बहाल करः** छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर सेड जग्गा वा पोखरी पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर** ः छत्रकोट गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग व्यापार व्यवसाय सेवा र अन्य यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति आर्थिक कारोबार स्थान विशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्थाहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग इकाइ मानी असुल उपर गरिनेछ ।

**६. जडीबुटी कवाडी र जीवजन्तु करः** छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन खोटो जडिबुटी बनकस कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड सिङ प्वाँख छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिम कर लगाइने तथा असुल उपर गरिनेछ ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागू हुनेछैन ।

**७. सवारी साधन करः** सवारी साधन कर अनुसूची (६) बमोजिम लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**<u>८. विज्ञापन कर:</u>** छत्रकोट गाउँपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोहीबमोजिम हुनेछ ।

**<u>९. मनोरञ्जन कर:</u>** छत्रकोट गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (८) बमोजिमको मनोरञ्जन कर लगाइ असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भइ लागु भएकोमा सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोहीबमोजिम हुनेछ ।

**<u>१०. बहाल विटौरी कर:</u>** छत्रकोट गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची(९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**<u>११. सवारी साधन पार्कीङ्ग शुल्क</u>**: छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्कीङ्ग शुल्क लगाइ असुल उपर गरिनेछ । साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले छत्रकोट गाउँपालिकाबाट पूर्व स्वीकृति लिएको हुनुपर्नेछ ।

**<u>१२. ट्रेकिङ्ग र न्याफ्टिङ्ग शुल्क</u>** : छत्रकोट गाउँपालिक क्षेत्रभित्र ट्रेकिङ्ग र न्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ ।

**<u>१३. सेवा शुल्क दस्तुर:</u>** छत्रकोट गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**<u>१४. कर छुट:</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**<u>१५. कर तथा शुल्क संकलन कार्यविधि:</u>** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि छत्रकोट गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**<u>१६. यसै ऐन बमोजिम भएको मानिने:</u>** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**<u>१७. नियम वा कार्यविधि बनाउन सक्ने:</u>** छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

**<u>१८. साविक बमोजिम हुने:</u>** यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

**<u>१९. खारेजी:</u>** साविकमा छत्रकोट गाउँपालिकाकले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

अनुसूची (१)

दफा (२) सँग सम्बन्धित

**घरको बनौटका आधारमा घरको धुरीकर दररेट**

| घरको किसिम | करको दररेट प्रति धुरी बार्षिक रु. | प्रति थप तला रु. | जरिवाना रु. | कैफियत |
|---|---|---|---|---|
| **खरको छानो** | १५.०० | ० | बार्षिक १० प्रतिशत | |
| **जस्ताको छानो** | ३० | १० | | |
| **पक्की घर** | ६० | २० | | |

**अनुसूची (२)**

दफा(३) सँग सम्बन्धित

**मालपोत करको दररेट**

| जग्गाको वर्ग | न्यूनतम | थप प्रति रोपनी दर | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| | १० रोपनी सम्म रु.१० | रु.२ | बार्षिक १० प्रतिशत | विगत वर्षहरुको वक्यौताको हकमा समेत यसै अनुसार हुनेछ |

अनुसूची (३)

दफा (४) संग सम्बन्धित

**बहाल करको दररेट**

छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर सेड जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तवरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संघसंस्था कम्पनी कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टी गरी दाखिला गर्नुपर्नेछ ।

**<u>बहाल कर निर्धारण प्रक्रियाः</u>**

१. बहालमा दिएको मितिलाई आधार मानी दैनिक मासिक त्रैमासिक अर्ध बार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनुपर्नेछ ।

२. क्षेत्रगत आधारमा छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाले न्यूनतम बहाल कर दर तोक्न सक्नेछ ।

३. छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वयं घोषणा गरेको वा सम्झौतापत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ

अनुसूची (४)

दफा ५ संग सम्बन्धित

# व्यवसाय करको दररेट

| सि. नं. | क्षेत्रहरु | राजश्वको क्षेत्रहरु | आगामी आ.व. २०७६/७७ को स्वीकृत दररेट | | | | | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|
| | | | सानो ५ लाख सम्म रु. | १० लाख सम्म रु | २० लाख सम्म रु | ५० लाख सम्म रु | ५० लाख भन्दा माथि रु | |
| | व्यापारिक वस्तु कर | रक्सी मदिराजन्य पसल | १५०० | २००० | ३००० | ५००० | ७००० | |
| | | ज्वेलरी | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | मोवाइल एसेसरीज/घडी/चस्मा/रेडियो/सिडी विक्री पसल | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | पुस्तक पसल/स्टेशनरी | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | इलेक्ट्रोनिक्स सामान पसल | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | कलरल्याब वा प्रिन्टिङ्ग व्यवसाय | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | फर्निचर तथा फर्निसिङ्ग | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | काठ चिरानी तथा सामान्य लोकल फर्निचर | ३००० | ४००० | ५००० | ६००० | ७००० | |
| | | तयारी कपडा/फेन्सी पसल | २००० | २५०० | ३००० | ३५०० | ४००० | |
| | | हार्डवेयर(रड सिमेन्ट रङ्ग रोगन/रोडा बालुवा) समेत | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | प्लाइउड/शिशा पसल | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | विजुली सामान पसल | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | सवारी साधन पार्ट विक्री/वर्कसप | ३००० | ३५०० | ४००० | ५००० | ७००० | |
| | | कस्मेटिक श्रृङ्गार/गिफ्ट/खेलौना पसल | १००० | १५०० | २००० | ३००० | ४००० | |
| | | प्ट्रोल पम्प | ३००० | ४००० | ५००० | ७००० | १०००० | |
| | | जुत्ता पसल(छाला वा अन्य) | १००० | १५०० | २००० | ३००० | ५००० | |
| | | औषधि पसल | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | भेटेरनरी पसल | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | किराना खाद्यान्न चिसो तथा पेय पदार्थ | १००० | १५०० | २००० | २५०० | ३००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तरकारी तथा फलफूल पसल | १००० | १५०० | २००० | ३००० | ४००० | |
| | | दुध डेरी | १००० | १५०० | २००० | ३००० | ४००० | |
| | | भाँडाकुँडा पसल | १००० | १५०० | २००० | ३००० | ४००० | |
| | | मोटरसाइकल सोरुम | ०० | ८००० | १०००० | १३००० | १५००० | |
| | | साइकल विक्री पसल | २००० | २५०० | ३००० | ५००० | ७००० | |
| | | रिकन्डिशन मोटरसाइकल खरिद विक्री पसल | ३००० | ३५०० | ४००० | ७००० | १०००० | |
| | | कन्सल्टेन्सी/अन्य विशेषज्ञ सेवा/लेखापरीक्षक तथा परामर्श वा व्यवसायिक सेवा | २००० | ३००० | ४००० | ६००० | ८००० | |
| | उत्पादनमुलक उद्योग | आइसक्रिम उद्योग, | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | विस्कुट उद्योग | ३००० | ४००० | ५००० | ७००० | १०००० | |
| | | पाउरोटी उद्योग | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | डेरी उद्योग | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | जुत्ता चप्पल उद्योग | २००० | २५०० | ३००० | ४००० | ५००० | |
| | | डिस्टीलरी उद्योग | ५००० | ७००० | १०००० | १५००० | २५००० | |
| | | मिनरल वाटर उद्योग | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | खाद्यान्न सामग्री चाउचाउ समेत | ३००० | ४००० | ५००० | ७००० | १०००० | |
| | | कार्पेट पस्मिना उद्योग | ३००० | ४००० | ६००० | ८००० | १०००० | |
| | | प्लाष्टिक उद्योग | २००० | ३००० | ४००० | ५००० | ७००० | |
| | | घरेलु उद्योग | २००० | ३००० | ४००० | ५००० | ७००० | |
| | | कापी किताव उद्योग | २००० | ३००० | ४००० | ७००० | १०००० | |
| | | तोरी मिल | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | खाद्यान्न मिल | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | इटा उद्योग | २००० | ३००० | ४००० | ६००० | ८००० | |
| | | क्रसर उद्योग | ३००० | ४००० | ५००० | ७००० | १०००० | |
| | | अन्य उत्पादनमुलक उद्योग | २००० | ३००० | ४००० | ६००० | ८००० | |
| | कृषि तथा वन्यजन्तु | कृषि वा वनपैदावारमा आधारित उद्योग व्यवसाय | १००० | १५०० | २००० | ३००० | ५००० | |
| | | काठ समेतको सःमिल | २००० | २५०० | ३००० | ५००० | ७००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अन्य कृषि तथा वनजन्य उद्योग | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | | | | | | | |
| | पर्यटन उद्योग तथा व्यवसाय | रेस्टुरेन्ट एण्ड बार | २००० | २५०० | ३००० | ४००० | ५००० | |
| | | फास्टफुड पसल | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | बेकरी क्याफे | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | लज गेष्ट हाउस | २००० | २५०० | ३००० | ४००० | ६००० | |
| | | रिसोर्ट | २००० | २५०० | ३००० | ४००० | ६००० | |
| | | अन्य पर्यटन उद्योग | २००० | २५०० | ३००० | ४००० | ६००० | |
| | सेवा व्यवसाय | चलचित्र व्यवसाय/ सार्वजनिक परिवहन व्यवसाय/ फोटोग्राफि प्रयोगशाला/शित भण्डार आदि उद्योग व्यवसाय | २००० | २५०० | ३००० | ४००० | ६००० | |
| | | ड्राइक्लिनर्स | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | भोजनालय तथा सामान्य खाजा घर | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | फ्रेस हाउस | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | यात्रुपरिवहन सेवा | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | छापाखाना | २००० | २५०० | ३००० | ४००० | ५००० | |
| | | साधारण टेलरिङ्ग | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | संचार सेवा व्यवसाय | टेलिफोन सेवा कम्युनिकेशन पसल/साइबर | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | वित्तीय सेवा व्यवसाय | बाणिज्य बैंक | २५००० | | | | | |
| | | विकास बैंक | २०००० | | | | | |
| | | वित्तीय कम्पनी | १५००० | | | | | |
| | | सहकारी संस्था | १००० | | | | | |
| | | विमा कम्पनी | ४००० | | | | | |
| | | विदेशी मुद्रा सटही | ४००० | | | | | |
| | | मनी ट्रान्सफर | ४००० | | | | | |
| | | सहकारी बैंक | २००० | २५०० | ३००० | ५००० | ८००० | |
| | | अन्य वित्तिय कारोबार गर्ने संस्था | २००० | २५०० | ३००० | ५००० | ८००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य सेवा व्यवसाय | सामुदायिक गैर सरकारी अस्पताल | ५००० | | | | | |
| | | नर्सिङ्ग होम | ४००० | | | | | |
| | | क्लिनिक तथा ल्याब | २००० | ३००० | ५००० | ७००० | १०००० | |
| | | निजी अस्पताल मेडिकल कलेज | २५००० | | | | | |
| | | डेन्टल हस्पिटल हस्पीटल | ३००० | ४००० | ५००० | ७००० | ९००० | |
| | | अक्कुपंचरिष्ट सेवा | २००० | २५०० | ३००० | ४००० | ५००० | |
| | शिक्षा तथा तालिम व्यवसाय | तालिम तथा अनुसन्धान केन्द्र | १५०० | २००० | ३००० | ४००० | ५००० | |
| | | कम्प्युटर टाइपिङ्ग तथा भाषा प्रशिक्षण संस्था | २००० | २५०० | ३००० | ३५०० | ४००० | |
| | | मन्टेश्वरी | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | निजी विद्यालय आधारभूत | २००० | ३००० | ४००० | ५००० | ७००० | |
| | | निजी विद्यालय मा.वि. | ४५०० | ५००० | ६००० | ७००० | ९००० | |
| | अन्य सेवा | विज्ञापन सेवा एजेन्सी | ३००० | ४००० | ५००० | ६००० | ७००० | |
| | | स्वदेशी रोजगार | | | | | | |
| | | हाउजिङ्ग खरिद विक्री | ४००० | ५००० | ७००० | ८००० | १०००० | |
| | | ब्युटी पार्लर | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | केशश्रृङ्गार शैलुन | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | साइनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | पशु बधशाला | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | मासु विक्रेता | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | फूल तथा विरुवा विक्रेता | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | इन्टरनेट प्रोभाइडर | २००० | ३००० | ५००० | ६००० | ८००० | |
| | | टावर कर(सार्वजनिक स्थान) | १२००० | | | | | |
| | | टावर कर(निजी स्थान) | ६००० | | | | | |
| | | टिकट काउन्टर | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | अन्य व्यवसाय | पिक्निक स्पोट | २००० | ३००० | ४००० | ५००० | ६००० | |
| | | शिशु स्याहार केन्द्र | १००० | १५०० | २००० | २५०० | ३००० | |
| | | रेन्टल तथा क्याटरिङ्ग सेवा | २००० | २५०० | ३००० | ४००० | ५००० | |
| | | पार्टी प्यालेश | ३००० | ४००० | ५००० | ७००० | ९००० | |
| | | होस्टेल | १५०० | २००० | ३००० | ४००० | ५००० | |
| | | निर्माण व्यवसायी घ/ग/ख/क | ३०००/४०००/८०००/१२००० | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | हाइड्रोपावर | ५०००० | | | | | |
| | | अन्य उर्जामूलक उद्योग | ५००० | | | | | |
| | | माथि तोकिएकेमा सोही बमोजिम र नतोकिएको हकमा | २००० | ३००० | ४००० | **५०००** | **६०००** | |

**विलम्ब शुल्क :**

१. नविकरण अवधि समाप्त भएको मितिले ३० दिन सम्मको लागि दर्ता शुल्कको २० प्रतिशत

२. नविकरण अवधि समाप्त भएको मितिले ३०-६० दिन सम्मको लागि दर्ता शुल्कको ४० प्रतिशत

३. नविकरण अवधि समाप्त भएको मितिले ६०-९० दिनसम्मको लागि दर्ता शुल्कको ६० प्रतिशत

४. नविकरण अवधि समाप्त भएको मितिले ९० दिनभन्दा बढी भएमा दर्ता शुल्कको १०० प्रतिशत

**व्यवसाय दर्ता तथा नविकरण गर्ने सम्बन्धमा**

छत्रकोट गाउँपालिका क्षेत्रभित्र संचालित विभिन्न प्रकारका व्यवसायहरु दर्ता तथा नविकरण गर्दा गत आ.व. मा यस गाउँपालिकामा दर्ता भएका व्यवसायीहरुले आ.व.२०७६/७७ को लागि कायम भएको बार्षिक कर बुझाइ नविकरण गर्ने विगतबाट संचालित तर दर्ता नगरेका व्यवसायहरुको हकमा आ.व. २०७५/७६ को लागि तोकिएको दरमा आ.व.२०७६/७७ को लागि तोकिएको दर समेत समावेश गरी रु.१५० निवेदन दस्तुर लिई दर्ता गर्ने र नयाँ व्यवसाय दर्ता गर्दा २०७६/७७ को दरमा निवेदन दस्तुर रु.१५० थप गरी लिने ।

**अनुसूची (५)**

दफा ६ सँग सम्बन्धित

**जडिबुटी करको दररेट**

| | | **कर दस्तुरका शिर्षक** | **इकाइ** | **आ.व.०७६/७७** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | खोटो | प्रति के.जि. | १ रुपैया | |
| | | जडिबुटी | प्रति के.जि. | १ रुपैयाँ | |
| | | बनकस(खर अम्लिसो बाबियो) | प्रति के.जि. | ३०० | |
| | | भुस र पिना | प्रति के.जि. | १ | |
| | | अदुवा | प्रति के.जि. | १ | |
| | | सालको वियाँ | प्रति के.जि | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुनकाउली तेजपत्ता | प्रति के.जि | १ | |
| | | सल्लाको सिम्टा | प्रति के.जि. | १ | |
| | | नेपाली कागज | प्रति के.जि. | १ | |
| | | कफि प्रशोधित | प्रति के.जि. | २ | |
| | | कफि कच्चा | प्रति के.जि | १ | |
| | | सुठो | प्रति के.जि | २ | |
| | | सुन्तला लगायत फलफुलजन्य बस्तु | प्रति के.जि | १ | |
| | | बाँस सिङ्गो | प्रति ट्रक | ५०० | |
| | | बाँस सिङ्गो | प्रति ट्याक्टर | ३०० | |
| | | दलहन | प्रति के.जि | १ | |
| | | गोलिया काठ सिसौं | प्रति ट्रक | १५०० | |
| | | गोलिया काठ सिसौं | प्रति ट्याक्टर | ७०० | |
| | | गोलिया काठ अन्य | प्रति ट्रक | १००० | |
| | | गोलिया काठ अन्य | प्रति ट्याक्टर | ५०० | |
| | | रागो भैंसी | प्रति गोटा | ५०० | |
| | | खसी बोका | प्रति गोटा | १०० | |
| | | सुङ्गुर बङ्गुर | प्रति गोटा | १०० | |
| | | गाइ गोरु | प्रति गोटा | २०० | |
| | | कुखुरा हाँस | प्रति के.जि | १ | |
| | | चिउरीको विया | प्रति के.जि | १ | |

**अनुसूची ६**

दफा ७ सँग सम्बन्धित

## सवारी करको दररेट

| | | | | | |
|---|---|---|---|---|---|
| | **सवारी कर** | **क.**इन्जिनबाट चल्ने जुनकुनै दुइ पाङ्ग्रे मोटरसाइकल स्कुटर वा यस्तै सवारी साधन | बार्षिक | ५०० | **कैफियत** |
| | | **ख.** कार जिप भ्यान वा यस्तै चारपाङ्ग्रे सवारी साधन | बार्षिक | २००० | |
| | | **ग.** ट्याक्टर वा यस्तै सवारी साधन | बार्षिक | २५०० | |
| | | **घ.**मिनि बस मिनि ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधन | बार्षिक | ३००० | |
| | | **ङ.** ठूला बस ठुला ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधन | बार्षिक | ४००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **च**. स्काभेटर दर्ता /नविकरण | बार्षिक | १५००० | |
| | | **छ**. डोजर लोडर भ्याकु लोडर ग्रेडर भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन दर्ता/ नविकरण | बार्षिक | १३००० | |
| | | **ज**. छत्रकोट क्षेत्रभित्र निर्माण जन्य कार्य गर्नको लागि छत्रकोट गाउँपालिका भन्दा बाहिर ठेगाना रहेका स्काभेटर डोजर लोडर भ्याकु लोडर ग्रेडर भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन अनुमति शुल्क | स्काभेटर सुचीकरण शुल्क बार्षिक | १७००० | |
| | | | डोजर लोडर भ्याकु लोडर ग्रेडर भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन सूचिकरण शुल्क बार्षिक | १५००० | |

**अनुसूची ७**

दफा ८ सँग सम्बन्धित

## विज्ञापन करको दररेट

| | | | | | |
|---|---|---|---|---|---|
| | विज्ञापन करको दररेट | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार प्रसार सामग्री | प्रतिवर्ग फूट प्रति बर्ष | ३०० | **कैफियत** |
| | | होर्डिङ्ग बोर्ड र यस्तृ प्रचार सामग्री | प्रतिवर्ग फुट प्रति बर्ष | ४०० | |
| | | डिजिटल बोर्ड र यस्तै प्रचार सामग्री | प्रति वर्ग फुट प्रति बर्ष | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खेलकुद मैदान मेला जात्रा पर्व वा यस्तै प्रकृतिका कार्यक्रममा हुन विज्ञापन प्रचार प्रसार सामग्री | प्रतिदिन | ५०० | |
| | | अन्यको हकमा | प्रतिवर्ग फुट प्रतिवर्ष | २०० | |

**अनुसूची -८**

दफा ९ सँग सम्बन्धित

**मनोरञ्जन करको दररेट**

| | | | | | |
|---|---|---|---|---|---|
| | मनोरञ्जन करको दररेट | चलचित्र भवनलाई चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शन स्थल वापत बार्षिक। | अधिकतम ५० सिट क्षमता | ३०००० | |
| | | | ५० सिट भन्दा बढी क्षमता बार्षिक | ५०००० | |
| | | जादु सर्कस मेला संचालन | प्रति दिन | ३०० | |
| | | केवुल टेलिभिजन प्रचार गरेवापत | न्यूनतम दुइसय ग्राहक संख्या सम्म बार्षिक | २००० | |
| | | | दुइसय भन्दा बढी चार सय सम्म ग्राहक संख्या सम्म बार्षिक | ३५०० | |
| | | | चार सय भन्दा बढी ग्राहक संख्या बार्षिक | ५५०० | |

**अनुसूची ९**

दफा १० सँग सम्बन्धित

## बहाल बिटौरी शुल्कको दररेट

| | | | | | |
|---|---|---|---|---|---|
| | बहाल बिटौरी करकव दररेट | कपडा जुत्ता फेन्सी र यस्तै प्रकासका पसलहरु | पसल प्रति दिन | १०० | **कैफियत** |
| | | खाजा नास्ता पसल | प्रतिपसल प्रति दिन | ६० | |
| | | खेलौना पसल | प्रति पसल प्रति दिन | ६० | |
| | | फलफुल तथा तरकारी | प्रति पसल प्रति दिन | ६० | |
| | | खाद्यान्न पसल | प्रति पसल प्रति दिन | १०० | |
| | | अन्य | प्रति पसल प्रति दिन | ८० | |

**अनुसूची-१०**

दफा ११ सँग सम्बन्धित

**पार्किङ्ग शुल्क**

पार्किङ्ग शुल्कको हकमा छत्रकोट गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**अनुसूची -११**

दफा १२ सँग सम्बन्धित

**ट्रेकिङ्ग र र्‍याफ्टिङ्ग शुल्क**

ट्रेकिङ्ग र र्‍याफ्टिङ्ग शुल्कको हकमा छत्रकोट गाउँ कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

**अनुसूची -१२**

दफा १३ सँग सम्बन्धित

**सेवा शुल्क दस्तुर**

| | | | | | |
|---|---|---|---|---|---|
| | सेवा शुल्क दस्तुर | घर जग्गा | प्रति १ | १५० | **कैफियत** |
| | | मोही लगत कट्टा | प्रति १ | १५० | |
| | | घर कायम सिफारिस | प्रति १ | १५० | |
| | | छात्रवृत्ति सिफारिस | प्रति १ | १५० | |
| | | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | प्रति १ | ५० | |
| | | अपाङ्ग सिफारिस | | निशुल्क | |
| | | अस्थायी बसोबास सिफारिस | प्रति १ | १५० | |
| | | स्थायी बसोवास सिफारिस | प्रति१ | | |
| | | नागरिकता सिफारिस | प्रति १ | १५० | |
| | | अंगीकृत नागरिकता सिफारिस | प्रति१ | १००० | |
| | | आर्थिक अवस्था सिफारिस (बलियो) | प्रति १ | १००० | |
| | | आर्थिक अवस्था सिफारिस (कमजोर) | प्रति १ | १५० | |
| | | विद्युत जडान सिफारिस | प्रति १ | १५० | |
| | | धारा जडान सिफारिस | प्रति १ | १५० | |
| | | जिवित रहेको सिफारिस | प्रति १ | १५० | |
| | | जन्ममिति संशोधन सिफारिस | प्रति १ | १५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | मूल्याङ्कन को प्रतिहजार | ५० | |
| | | व्यवसाय बन्द सिफारिस | प्रति १ | १५० | |
| | | व्यवसाय संचालन नभएको सिफारिस | प्रति १ | १५० | |
| | | व्यापार व्यवसाय नभएको सिफारिस | प्रति १ | १५० | |
| | | अदालत शुल्क मिनाहा सिफारिस | प्रति १ | १५० | |
| | | नाबालक सम्बन्धी सिफारिस | प्रति १ | १५० | |
| | | चौपाया सम्बन्धी सिफारिस | प्रति १ | ५०० | |
| | | व्यवसाय दर्ता सर्जमिन सिफारिस | प्रति १ | ५०० | |
| | | उद्योग ठाउँसारी सिफारिस | प्रति १ | १००० | |
| | | विद्यालय ठाउँसारी सिफारिस निजी | प्रति १ | १००० | |
| | | आन्तरिक वसाइसराइ सिफारिस | प्रति १ | ५०० | |
| | | विद्यालय कक्षा बृद्धि सिफारिस निजी | प्रति १ | १००० | |
| | | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस निजी | प्रति १ | १००० | |
| | | व्यक्तिगत विवरण सिफारिस | प्रति १ | रु १५० | |
| | | जग्गा दर्ता सिफारिस | प्रति १ | १५० | |
| | | संरक्षक संरक्षक (व्यक्तिगत) | प्रति १ | १५० | |
| | | संरक्षक सिफारिस (संस्थागत) | प्रति १ | १५० | |
| | | कित्ताकाट सिफारिस | प्रति १ | १५० | |
| | | सरकारको नाममा बाटो सिफारिस | प्रति १ | १५० | |
| | | नाता प्रमाणित सिफारिस | प्रति १ | १५० | |
| | | नाता प्रमाणित नेपाली | प्रति १ | १५० | |
| | | नाता प्रमाणित अंग्रेजी | प्रति १ | ५०० | |
| | | नाता प्रमाणित सर्जमिन | प्रति १ | ३०० | |
| | | कोठा खोल्ने रोहबरमा बस्ने | प्रति १ | १५० | |
| | | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | | निशुल्क | |
| | | संस्था दर्ता सिफारिस नाफामुखि | प्रति १ | ३०० | |
| | | संस्था दर्ता सिफारिस गैरनाफामुखी | प्रति १ | १५० | |
| | | संस्था दर्ता सिफारिस आइ एन जि ओ | प्रति १ | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घरबाटो प्रमाणित | प्रति १ | १५० | |
| | | चारकिल्ला सिफारिस | प्रति १ | १५० | |
| | | जन्ममिति प्रमाणित | प्रति १ | १५० | |
| | | विवाह प्रमाणित | प्रति १ | १५० | |
| | | घर पाताल प्रमाणित | प्रति १ | १५० | |
| | | फरकफरक नामथर/जन्ममिति सिफारिस | प्रति १ | १५० | |
| | | कागज मन्जुरीनामा | प्रति १ | १५० | |
| | | हकदार प्रमाणित | प्रति १ | ५०० | |
| | | संरक्षक प्रमाणित | प्रति १ | १५० | |
| | | अन्य प्रमाणित | प्रति १ | १५० | |
| | | अविवाहित प्रमाणित | प्रति १ | १५० | |
| | | नाम थर संशोधन सिफारिस | प्रति १ | १५० | |
| | | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा बस्ने | प्रति १ | १५० | |
| | | जग्गा धनी पुर्जा हराएको सिफारिस | प्रति १ | १५० | |
| | | पुर्जामा घर कायम गर्ने सिफारिस | प्रति १ | १५० | |
| | | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रति १ | ५०० | |
| | | मिलापत्र कागज गराउने बादी/प्रतिवादि | | ३००/३०० | |
| | | ठेलागाडामा रहने व्यवसाय | प्रति १ | | |
| | | नाता प्रमाणित दस्तुर | प्रति १ | १५० | |
| | | व्यक्तिगत घटना दर्ता (जन्म मृत्यु विवाह सम्बन्ध विच्छेद) | प्रति १ | ३५ दिनभित्र निशुल्क त्यसपछि रु.. ५० | |
| | | व्यक्तिगत घटना दर्ता | प्रति १ | ३५ दिनभित्र निशुल्क त्यसपछि रु.. ५० | |
| | | इन्जिनियर दर्ता | प्रति १ | ५०० | |
| | | प्रमाणिकरण | प्रति १ | ५०० | |
| | | ठेलागाडा रिक्सा दर्ता नामसारी/ठाउँसारी | प्रति १ | १०० | |
| | | भवन निर्माण स्वीकृत कच्ची/पक्की | प्रतिवर्गफूट | १/५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भवन नक्सा नामसारी दस्तुर | प्रति १ | ५०० | |
| | | बाल क्लव दर्ता | प्रति १ | १०० | |
| | | युवा क्लव आमा समूह लगायत समूह क्लवहरु | प्रति १ | २०० | |
| | | राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सुचीकरण शुल्क | प्रति १ | १०००/ २००० | |
| | | रुख कटान सिफारिस | प्रति १ | ५० | |
| | | अन्य साधारण सिफारिस | प्रति १ | १५० | |